# गोरखापत्र संस्थान

धर्मपथ, न्युरोड, काठमाडौं

## पत्रिका ढुवानी सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**सूचना नं. सा.प्र.०४।२०७८।०७९**

**प्रकाशन मिति : २०७८।०७।०८**

यस संस्थानका प्रकाशनहरू नियमित रूपमा तपसिल बमोजिमका रुटहरूमा संस्थानले तोकेको समयमा एक आर्थिक वर्षका लागि दैनिक रूपमा ढुवानी गराउन आवश्यक परेकोले इच्छुक ढुवानी सम्बन्धी इजाजत प्राप्त फर्म, संस्था वा कम्पनीले आफूले चाहेको भाडादर प्रस्ट रूपमा उल्लेख गरी तोकिएको समयभित्र रीतपूर्वकको बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**ढुवानी स्थलमार्ग रुटहरू :**

| क्र. सं. | ढुवानी स्थलमार्ग रुट | जम्मा गर्नुपर्ने जमानत–धरौटी रकम रु. | पत्रिका ढुवानी गर्ने रुट |
|---|---|---|---|
| **गोरखापत्र राष्ट्रिय संस्करण** | | | |
| लट १ | काठमाडौँ–गल्छी–मलेखु–मुग्लिन–आँबुखैरेनी–डुम्रे–दमौली हुँदै पोखरासम्म (मूल रुटबाट सहायक रुट जिल्ला सदरमुकामसम्म) | रु.६०,०००।०० | १. काठमाडौँ–मुग्लिन<br>२. मुग्लिन–पोखरा<br>३. गल्छी–विदुर–नुवाकोट<br>४. फुर्नेखोला–धादिङबेसी<br>५. आँबुखैरेनी–गोरखा<br>६. डुम्रे–लमजुङ बेसीशहर |
| लट २ | काठमाडौँ–नारायणघाट–भरतपुर कावासोती–बर्दघाटसम्म मूल रुटबाट सहायक रुट जिल्ला सदरमुकामसम्म | रु.४३,०००।०० | १. काठमाडौँ–नारायणघाट<br>२. नारायणघाट–टाँडी<br>३. नारायणघाट–बर्दघाट |
| लट ३ | काठमाडौँ–फर्पिङ–हेटौंडा–पथलैया– वीरगञ्जसम्म (मूल रुटबाट सहायक रुट जिल्ला सदरमुकामसम्म) | रु.४०,०००।०० | १. काठमाडौँ–फर्पिङ हुँदै हेटौंडा<br>२. हेटौंडा–वीरगञ्ज<br>३. पथलैया–कलैया–वीरगञ्ज<br>४. पथलैया–लालबन्दी<br>५. नवलपुर–मलंगवा<br>६. चन्द्रनिगाहपुर–गौर<br>७. नयाँरोड–बरहथवा |
| **गोरखापत्र विराटनगर संस्करण** | | | |
| लट ४ | विराटनगर कार्यालयबाट–जनकपुर हुँदै काँकरभिट्टासम्म (मूल रुटबाट सहायक रुट जिल्ला सदरमुकामसम्म) | रु.२९,०००।०० | १. विराटनगर–इटहरी–काँकरभिट्टा<br>२. विराटनगर–इटहरी–ढल्केवर– बर्दिबास–जनकपुर |
| **गोरखापत्र कोहलपुर संस्करण** | | | |
| लट ५ | कोहलपुर कार्यालयबाट–सुर्खेत घोराही– गुलरिया–तौलिहवा हुँदै महेन्द्रनगरसम्म (मूल रुटबाट सहायक रुट जिल्ला सदरमुकामसम्म) | रु.७७,०००।०० | १. कोहलपुर–महेन्द्रनगर<br>२. कोहलपुर–सुर्खेत<br>३. कोहलपुर– बुटवल–तौलिहवा–भैरहवा<br>४. अमेलिया–तुल्सीपुर–घोराही<br>५. कोहलपुर– नेपालगञ्ज –गुलरिया |

**सर्तहरू :**

१. बोलपत्र दाताले सूचना प्रकाशित मिति २०७८।७।०८ देखि २०७८।०८।०७ गतेसम्म कार्यालय समयभित्र लिखित निवेदन पेस गरी ढुवानी सम्बन्धी बोलपत्र कागजात रु.३,०००।०० (अक्षरूपी तीन हजार) फिर्ता नहुने दस्तुर तिरी वा सो बराबरको रकम संस्थानको ने.बैं.लि. काठमाडौँ कार्यालयस्थित चल्ती नं. ००२००१००५०२४२५००००01 मा जम्मा गरी सोको सक्कल बैंक भौचर पेस गरी संस्थानको विराटनगर कार्यालय वा कोहलपुर कार्यालय वा संस्थानको केन्द्रीय कार्यालय, सामान्य प्रशासन शाखा, धर्मपथ, काठमाडौँबाट प्राप्त गर्न सकिन्छ । यसरी बोलपत्र कागजात प्राप्त गरी सकेपछि बोलपत्र दाताले बोलपत्र कागजातमा उल्लेखित ढुवानी सम्बन्धी कुनै एउटा रुटमा वा एकभन्दा बढी रुटमा वा सबै रुटहरूका लागि आफ्नो प्रस्ताव पेस गर्न सक्नेछ । निवेदनको साथमा फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ ।

२. बोलपत्र दाताले आफ्नो प्रस्ताव पेस गर्दा बोलपत्र कागजातको साथमा तोकिए बमोजिमको बैंक जमानत वा सो बराबरको नगद रकम माथि उल्लेखित संस्थानको बैंक खातामा जम्मा गरी सोको सक्कल भौचर अनिवार्य रूपमा पेस गर्नुपर्नेछ । बोलपत्र जमानत वा नगद जम्मा गर्दा तोकिए बमोजिम प्रत्येक ढुवानीको रुट अनुसार अलग–अलग जम्मा गरी सोको कागजात पेस गर्नुपर्नेछ । कुनै बोलपत्र दाताले सबै रुटका लागि बोलपत्र प्रस्ताव पेस गरेको छ भने बोलपत्र जमानत अलग–अलग बनाई सोको सक्कल बैंक भौचर पेस गर्नुपर्ने र बोलपत्र कागजातमा समेत छुट्टाछुट्टै तोकिए बमोजिमको मूल्य सम्बन्धी फाराममा भरी आफ्नो प्रस्ताव पेस गर्नुपर्नेछ । बोलपत्र जमानतको हकमा सोको मान्य अवधि कम्तीमा बोलपत्र खोल्ने मितिदेखि १२० दिनको हुनुपर्नेछ ।

३. बोलपत्र दर्ता गर्दा बोलपत्र साथ फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि, आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, प्यान प्रमाणपत्रको प्रतिलिपि, सवारी दर्ता तथा सवारी धनीको नाम प्रस्ट उल्लेख भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, ढुवानी सेवाको इजाजतको प्रतिलिपि सहित अन्य आवश्यक कागजातहरू पेस गर्नुपर्नेछ । करको हकमा आर्थिक वर्ष २०७७।७८ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र वा आय विवरण पेस गरेको प्रमाणित कागजात वा आय विवरण पेस गर्न म्याद थप भएको निस्सा वा प्रमाण पेस गर्नुपर्नेछ ।

४. बोलपत्र भौतिक रूपमा नै पेस गर्नुपर्नेछ । अनलाइनबाट पेस गर्ने व्यवस्था गरिएको छैन । बोलपत्र पेस गर्दा सिलबन्दी खाम बाहिर पत्रिका ढुवानी सम्बन्धी बोलपत्र भन्ने प्रस्ट उल्लेख गर्नुपर्नेछ । साथै श्रीमान् कार्यकारी अध्यक्षज्यू, गोरखापत्र संस्थान, प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ नामले सम्बोधन गर्नुपर्नेछ ।

५. स्वीकृत बोलपत्र दाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र कार्य सम्पादन जमानत पेस गरी संस्थामा उपस्थित भई सम्झौता गर्नुपर्नेछ ।

६. नेपाल सरकारबाट ढुवानी सेवा सञ्चालन गर्न इजाजत प्राप्त सबै फर्म, वा कम्पनी यस बोलपत्रका लागि ग्राह्य हुनेछन् ।

७) योग्य प्रस्ताव दाताहरूले यस सम्बन्धी थप जानकारीका लागि यस सम्बन्धी कागजातहरू हेर्न (अध्ययन गर्न) चाहेमा यस संस्थानको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् :
**टेलिफोन नं.** : ४२२३०७८, **इमेल** : sgorkhapatra@gmail.com
गोरखापत्र संस्थान केन्द्रीय कार्यालय, सामान्य प्रशासन शाखा, धर्मपथ, काठमाडौँ ।

८) सिलबन्दी प्रस्ताव संस्थानको केन्द्रीय कार्यालय, सामान्य प्रशासन शाखा, धर्मपथ, काठमाडौँमा मात्र मिति २०७८।०८।०८ गते, १२:०० बजेभित्र बुझाउनुपर्नेछ । ढिलो गरी प्राप्त सिलबन्दी प्रस्ताव स्वीकार गरिनेछैन ।

९) तोकिएको समयभित्र पेस भएका सिलबन्दी प्रस्तावहरू उपस्थित हुन चाहेका प्रस्ताव दाता वा निजको प्रतिनिधिको रोहबरमा गोरखापत्र संस्थानको केन्द्रीय कार्यालय, धर्मपथ, काठमाडौँमा २०७८।८।०८ गते दिनको २:०० बजे खोलिनेछ । सिलबन्दी प्रस्ताव खोलिएको दिनदेखि गणना हुने गरी कम्तीमा ९० दिन सम्मका लागि सिलबन्दी प्रस्ताव मान्य हुनेछ ।

१०) सिलबन्दी प्रस्ताव पेस गर्ने प्रयोजनका लागि बोलपत्र जमानत वा संस्थानले माग गरेको धरौटी रकम जम्मा गर्नुपर्नेछ ।

११) सिलबन्दी प्रस्ताव पेस गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खोलेको दिनमा खरिद गर्न र सोको भोलिपल्ट १२:०० बजेभित्र दर्ता गर्न सकिनेछ ।

१२) संस्थानले आवश्यकता अनुसार प्रस्ताव मूल्याङ्कन गर्ने समयमा पनि प्रस्ताव दाताहरूसँग प्रस्तावसँग सम्बन्धित विवरण र कागजातहरू माग गर्न सक्दछ ।

१३) म्याद नाघी आएको प्रस्ताव उपर कुनै कारबाही हुनेछैन ।

१४) कुनै वा सबै सिलबन्दी प्रस्ताव, पूरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस संस्थानमा निहित रहनेछ ।

**गोरखापत्र संस्थान**
**सामान्य प्रशासन शाखा**
**केन्द्रीय कार्यालय, धर्मपथ, काठमाडौँ ।**
**टेलिफोन नं. : ४२२३०७८**

\Adv1\Nirmalworks\Kartik 8\

**Gorkhapatra Sansthan_Sa Pra_Patrika Dhuwani**

**Size: 3x40**